मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १४२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ चैत २८ गते शनिवार (Saturday, April 10. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

'खुलेर बोलौं विभेद रोकौं'
'महिला हिंसाविरुद्ध शून्य सहिष्णुता कायम गरौं'
'दमनको प्रतिवाद गरी महिला हिंसा अन्त्य गरौं'

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

दमकमा सुकुम्वासीको उठिबास

पार्थ मण्डल/ बिनोद सापकोटा

झापा, चैत २७। भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरूको आवास र भूस्वामित्व सुनिश्चित गर्दै न्यायपूर्ण भूमि व्यवस्था स्थापित गर्ने सरकारले लक्ष्य लिएको छ। तर, प्रधानमन्त्री केपी शर्मा ओलीकै गृह नगरमा रहेको सुकुम्वासी वस्तीमा सार्वजनिक सम्पत्ति हडपेको भन्दै दमक नगरपालिकाले डोजर चलाएको छ।

दमक नगरपालिका-अस्थित सुकुम्वासी बस्तीमा नगरपालिकाले शुक्रवार डोजर चलाएको हो। हाट खोला बजार क्षेत्रको सुनचाँदी लाइन र पुरानो पूर्व-पश्चिम राजमार्ग लाइन गरी दुई स्थानमा नगरपालिकाले डोजर चलाएको हो। भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५२ ख को उपदफा (६) बमोजिम नेपाल सरकारबाट भूमिसम्बन्धी समस्या समाधान आयोग गठन भएको छ । तर, आयोगले काम थाले लगत्तै प्रधानमन्त्री ओलीकै गृह नगरमा नगरपालिकाले सुकुम्वासी वस्तीमा डोजर चलाएको हो।

भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउने, मुक्त कमैया, कमलरी, हरुवा/चरुवा, हलिया, भूमिहीन, सुकुम्बासी पहिचान गरी बसोबासका लागि घर/घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्नुपर्ने संवैधानिक व्यवस्था छ। योसँगै उनीहरूलाई पुनर्स्थापन गर्ने, भूमिको दिगो उपयोग र कृषियोग्य भूमिमा किसानको अधिकार सुनिश्चित गर्ने संविधानको भावनालाई मूर्त रूप दिन उपलब्ध जमिनको यथोचित व्यवस्थापन गर्ने भनिए पनि सरकारले नै दमकमा रहेका सुकुम्वासीको उठिवास लगाएको हो।

शुक्रबार बिहान बस्ती खाली गराउन स्थानीय प्रशासन र नगरपालिकाले बल प्रयोग गरेर डोजर लगाएको स्थानीयबासीले आरोप लगाएका छन्। रतुवा खोलाको बाढीले कटान गरेपछि विस्थापित परिवार सो स्थानमा बस्दै आएका थिए। उनीहरु ०४६ सालदेखि सो स्थानमा बस्दै आएको बताइएको छ। दमक-७का वडाध्यक्ष भीम पौडेलका अनुसार तत्कालीन प्रशासकले उनीहरुलाई अस्थायी रुपमा मात्र बसोबास गर्ने अनुमति दिएको थियो- वडाध्यक्ष पौडेलले भने- वास्तविक सुकुम्वासीको पहिचान गरी नगरपालिकाले निर्माण गरेको नमूना बस्तीमा लैजानबाट छाडिएका धनाढ्यहरुले प्रशासनले बस्ती खाली गर्दा डोजर लगाएको आरोप लगाएको हो।

हामीले नमूना बस्तीमा स्थायी बसोबासका लागि लगिएका बास्तविक सुकुम्बासी हुन्। उनीहरुमध्ये धनाढ्य सुकुम्बासीले गाउँ छोड्न अटेर गरे। उनीहरुले बस्ती छोड्न गरेको आग्रह अटेर गरेपछि बस्तीमा डोजर र प्रहरी गएका हुन्, डोजर लगाइएको होइन- वडाध्यक्ष पौडेलले भने।

सरकारले सार्वजनिक (सरकारी) जग्गाको खोजी गरी त्यस ठाउँमा बहुआयामिक व्यापारिक केन्द्र निर्माण गर्ने तयारी गरेको छ। नगरपालिकाले डोजर चलाएर घर टहरा भत्काएपछि त्यहाँ बसोबास गर्दै आइरहेका दुई दर्जन घरपरिवार विस्थापित भएका छन्। सरकारी जमिन खाली गर्नु भन्दै स्थानीय तहले पटक-पटक सूचना जारी गर्दा समेत उनीहरूले अटेर गरेपछि ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरी नगरपालिकाले शुक्रबार बिहान डोजर चलाएर संरचना हटाएको थियो।

दमकको नमूना मार्गमा जोडिएको उक्त बस्तीका बासिन्दालाई सरकारी जग्गा छोड्न पटक-पटक आग्रह गरेको दमक नगरपालिकाका प्रमुख रोमनाथ ओलीले बताए। 'नगर र प्रशासनले पहिचान गरेका सुकुम्बासी नमूना बस्तीमा गइसकेका छन्। जसको करोडौंको सम्पत्ति छ, उनीहरु बास्तविक सुकुम्बासी होइनन्। उनीहरुले अटेरी गरिरहेका छन्- नगरप्रमुख ओली भने। प्रशासनले गत वर्षनै हटाउने तयारी गरेको थियो। कोभिडका कारण गत वर्ष नहटाइएको नगर प्रमुख ओलीले बताए। उनले भने- 'विकासमा बाधक त बन्नु भएन नि।'

नगरपालिकाले उठिबास लगाएको आरोप

नगरपालिकाले सुकुम्बासी बस्तीमा डोजर चलाएर आफूहरूमाथि ठूलो अन्याय गरेको पीडितहरूले गुनासो पोखेका छन्। वर्षौंदेखि बसोबास गर्दै आएको जमिनमा सरकारले आँखा गाडेर बास बसाउनुको सट्टा उठीबास लगाएको उनीहरूले आरोप लगाए।

'६० वर्षदेखि बसोबास गर्दै आएको बस्तीमा बाबुबाजेले प्राण समेत त्यागे, आफू पनि यही जन्मेँ'- हस्त राना मगरले भने- 'सरकारले दीर्घकालीन बास देला भनेको त उठीबास पो लगायो।' सरकारसँग आफूहरूले मुद्दा लड्न नसकेर झोलीतुम्बा बोकेर सडकमा जानु शिवाय अरू विकल्प नभएको उनले पीडा सुनाए।

जमिन व्यक्तिको नाममा भएको दाबी

सुनचाँदी लाइनको जमिन व्यक्तिको नाममा रहेको त्यहाँ बसोबास गर्ने पदम माझीले दावी गरेका छन्। नगरपालिकाले सो जमिन व्यक्तिको नभई सरकारी भन्दै जबरजस्ती गरेर डोजर चलाएको उनको भनाइ छ। माझीका अनुसार आफ्नो नाममा भएको साढे १० कट्ठा १६ धुर जमिन सरकारले हड्पेकाले आफूलाई पनि सुकुम्बासी बनाएको दाबी गरेका छन्।

२०४६ सालसम्म मालपोत तिर्दै आएको ६४२ नम्बरको कित्ताबाट हरिमाया मझेनीले ८ धुर जमिन आसबहादुर श्रेष्ठको नाममा २०२९ सालमा बेचेको उनले बताए। सम्बन्धमा नाति पर्ने डायमण्डकुमार माझीका अनुसार २०२९ सालमा कित्ताकाट गरेर ४ धुर नगरपालिकालाई दान दिएकोमा नगरपालिकाले हाल आएर सबै जग्गा

(बाँकी अन्तिम पृष्ठमा)

कुटपिटबाट मृत्यु

झापा, चैत २७। कनकाई नगरपालिका-४ टेक्रा दार्जीलिङ टोलमा कुटपिटबाट एक व्यक्तिको मृत्यु भएको छ।

मादकपदार्थ सेवन गरी जथाभावी बोलेको भन्दै स्थानीय मोहन घिमिरेले गरेको कुटपिटबाट स्थानीय ५७ वर्षीय बलबहादुर विश्वकर्माको मृत्यु भएको बताइएको छ।

गत मंगलवार कुटपिटबाट सख्त घाइते भएका उनलाई उपचारका लागि बिर्तामोडको बिर्तासिटी अस्पताल ल्याइएकोमा उपचारका क्रममा बिहीवार दिउँसो मृत्यु भएको हो। अन्य दिन समेत विश्वकर्मा अत्यधिक मादक पदार्थ सेवन गरी जथाभावी बोल्दै हिँड्ने गरेको स्थानीयले बताएका छन्। सो दिन समेत मादक पदार्थ सेवन गरी विश्वकर्माले घिमिरेको घरमा जथाभावी बोल्न थालेपछि विवाद भएको स्थानीयको भनाइ छ।

कुटपिटमा संग्लन घिमिरेलाई इलाका प्रहरी कार्यालय सुरुङ्गाले पक्राउ गरेर आवश्यक अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय बिर्तामोडमा बुझाएको छ। प्रहरीले अनुसन्धानका लागि मृतकका नातिसमेतलाई नियन्त्रणमा लिएको छ।

यसैबीच मानव बेचबिखन तथा ओसारपसार एवम् संगठित अपराध मुद्दाका फरार प्रतिवादी काठमाडौं गोकर्णेश्वर नगरपालिका-९ जोरपाटी बस्ने झापा कन्काई नगरपालिका-५ घर भएका ३८ वर्षीय राजन भन्ने जगतबहादुर राईलाई प्रहरीले पक्राउ गरेको छ।

उच्च अदालत पाटनको २०७६ चैत २ गतेको फैसलाले उक्त मुद्दामा १० वर्ष कैद र ५० हजार रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-९ तिलगंगाबाट पक्राउ गरेको हो।

जगतबहादुर समेतले खाडी मुलुक ओमानमा घरेलु कामदारको रुपमा रोजगारी दिलाउने प्रलोभनमा पारी विना श्रम स्वीकृति गैह्रकानूनी तरिकाले २०७३ फागुन १३ मा पीडितबाट ३ लाख ५० हजार रकम लिई भिजिट भिसामा यूएईको दुबई पठाएकोमा पीडितका आफन्तले ओमानको सीमावर्ती क्षेत्रमा पीडितलाई

(बाँकी अन्तिम पृष्ठमा)

हार्दिक बधाई

एकराज गिरी

सुरेन्द्र भण्डारी

बिनोद पाण्डे

यस संस्थाका महासचिव तथा पूर्वाञ्चल दैनिकका प्रधानसम्पादक **एकराज गिरी** नेपाल पत्रकार महासंघको हालै सम्पन्न निर्वाचनबाट झापा शाखाको गरिमामय अध्यक्ष पदमा अत्यधिक बहुमतले निर्वाचित हुनुभएको साथै संस्थाका सदस्यद्वय युवा पत्रकारहरु **सुरेन्द्र भण्डारी** महासंघ प्रदेश नं. १को सदस्य पदमा र **बिनोद पाण्डे** झापा शाखाको सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै तपाईंहरु लगायत सम्पूर्ण विजयी टिमको कार्यकाल सफल रहोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं।

मदन गोपाल सुब्बा: अध्यक्ष
राष्ट्रिय उपभोक्ता मञ्च झापा परिवार

झापामा एमाले नेपाल समूह बन्दै

बिर्तामोड, चैत २७। प्रधानमन्त्री केपी ओलीको जिल्लामा वरिष्ठ नेता माधव नेपाल समूहको नेकपा एमालेको जिल्ला कमिटी गठन हुने भएको छ।

देशैभर समानान्तर कमिटी गठन गरेको नेपाल समूहले झापामा पार्टी र जनवर्गीय संगठन निर्माण गर्न लागेको हो।

वैशाख ३ गते बिर्तामोडको सिटी सेन्टरमा एक कार्यक्रमको आयोजना गरी नेपाल समूहले पार्टीको समानान्तर कमिटी गठन गर्न लागेको हो। कार्यक्रममा नेपालसहित स्थाई कमिटी सदस्य तथा पूर्वमन्त्री घनश्याम भुषाल समेत सहभागी हुने कार्यक्रम रहेको पार्टीका प्रदेश कमिटी सदस्य रोमणी भट्टराईले जानकारी दिए।

पार्टीको जिल्ला कमिटी घोषणासँगै विभिन्न जनवर्गीय संगठनहरुको जिल्ला कमिटी समेत घोषणा हुने कार्यक्रम रहेको भट्टराईले बताए। जिल्ला कमिटी घोषणा कार्यक्रमलाई बृहत् कार्यकर्ता प्रशिक्षणका रुपमा अगाडि बढाइने जनाइएको छ। एमाले बिभाजन हुनुअघि रहेको १७५ सदस्यीय जिल्ला कमिटीमध्ये ११७ जना माधव-झलनाथ पक्षमा खुलेका छन्। नेपाल समूहको यो कार्यक्रमलाई झापामा महत्वका साथ हेरिएको छ।

पौडी खेल्दा...

ओखलढुंगा, चैत्र २७। ओखलढुङ्गा चम्पादेवी गाउँपालिका-२ खोपगाउँका २० वर्षीय प्रकाश सुनुवारको पौडी खल्ने क्रममा डुबेर मृत्यु भएको छ।

सोही स्थानमा रहेको लिखू खोलामा पौडी खेल्ने क्रममा डुबेको स्थानीय मानिसहरुले देखेर खोलाबाट निकाली उपचारको लागि जिल्ला सिन्धुली खुर्कोटस्थित सुनकोशी सामुदायिक अस्पताल लगेको थिए।

उनको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले जनाएको छ।

डाक्टर आउने बारेको सूचना

वरिष्ठ टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
डा. नगेन्द्र कटुवाल
MD (Neuropsychitry)
वरिष्ठ नशा तथा मानसिक रोग विशेषज्ञ
यसपटक यही चैत २९ गते आइतवार

समपर्क: **सनसाइन मेडिसिन सेन्टर**
भद्रपुर रोड, बिर्तामोड (झापा)
सम्पर्क नं. ०२३-५३४१३२

कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापाको जरूरी सूचना

यस क्याम्पसको मिति २०७७/१२/०२ गतेको क्याम्पस सञ्चालक समितिको निर्णय अनुसार यही मिति २०७७/१२/२९ गते आइतबारका दिन १३औं क्याम्पस सभा सम्पन्न गर्ने भनी निर्णय भए बमोजिम क्याम्पस सभाका सबै सदस्य र अतिथिज्यूहरुलाई पत्राचार भइसकेकोमा अकस्मात कनकाई नगरपालिकामा क्याम्पस सभा रोकी पाउँ भनी श्री तुलाराम बस्नेत, श्री भरत थपलिया र श्री ओम पाठकको निवेदन पर्न गएकाले सोको आधारमा क्याम्पस सभा रोक्नका लागि कनकाई नगरपालिकाबाट मिति २०७७/१२/२७ गते च.नं.१५७४ बाट जिल्ला प्रशासन कार्यालय, भद्रपुर, झापालाई सिफारिस सहित पठाइएको पत्रको आधारमा जिल्ला प्रशासन कार्यालय, झापाको मिति २०७७/१२/२७ गते च.नं. ६३२९ बाट सभा सम्बन्धमा क्याम्पसलाई प्राप्त पत्र अनुसार उल्लेखित मितिको क्याम्पससभा रोक्नका लागि निर्देशानुसार अनुरोध भए बमोजिम मिति २०७७/१२/२९ गते आइतबारका दिन आयोजना गरिएको क्याम्पस सभा स्थगित गरिएको व्यहोरा क्याम्पस सभाका सम्पूर्ण सदस्यज्यूहरु तथा अतिथिज्यूहरुमा जानकारीका लागि अनुरो

क्याम्पस प्रमुख
कनकाई बहुमुखी क्याम्पस

हार्दिक बधाई

मेची पेट्रोलियम डिलर्स एशोसिएशनको हालै सम्पन्न ४२औं राष्ट्रिय सम्मेलनबाट मेची पेट्रोलियम डिलर्स एशोसिएसनका उपाध्यक्ष **भूपालराज कटुवाल** केन्द्रीय सदस्यमा र वरिष्ठ उपाध्यक्षमा **टीकाराम पिठाकोटे मगर** प्रदेश सदस्यमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँहरुको कार्यकाल सफल बनोस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं।

मदन गोपाल सुब्बा: अध्यक्ष
एवम् **राष्ट्रिय उपभोक्ता मञ्च झापा परिवार**

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

पायल्स, प्यारालाइसिस, हाडजोर्नी साथै अन्य सबै रोगहरुको आयुर्वेदिक औषधि, क्षारसूत्र, कपिडमसाज, पञ्चकर्म, फिजियोथेरापीबाट उपचार हुने पूर्वकै गुणस्तरीय, विश्वासिलो र भरपर्दो उपचार केन्द्र **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर** (अस्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड, झापा)
सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६

यौन तथा प्रजनन् रोगका विरामीहरुका लागि खुशीको खबर

चैत २८ गते शनिवारका दिन काठमाडौंबाट आउनु हुने विशेषज्ञ डाक्टरद्वारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला।

हाम्रा सेवाहरु: सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीघ्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, मलिहरुको महिनावारी गडबढी, सेतोपानी वग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार। त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ।

माता मनकामना आयुर्वेद क्लिनिक
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

कर्मचारी आवश्यकता

यस माता पाथीभरा सहकारी संस्था लि.लाई निम्न कर्मचारी आवश्यकता परेको हुनाले इच्छुकले तु-सम्पर्क राख्नुहोला।
पद : बजार प्रतिनिधि संख्या : ३ जना
न्यूनतम् शैक्षिक योग्यता : कम्तीमा SLC/SEE पास
परिश्रमिक : संस्थाको नियम अनुसार
आवश्यक कागजात: CV, २प्रति फोटो, शैक्षिक योग्यता र नागरिकताको प्रतिलिपि
आवेदन दिने अन्तिम मिति: २०७८/०१/१५

माता पाथीभरा सहकारी संस्था लि.
बिर्तामोड-१ पश्चिम बसस्टेण्ड (फोन न. ०२३-५४४२४१)

डाक्टर आउने बारेको सूचना

प्रा. डा. गौरवराज ढकाल
वरिष्ठ स्पाइन (मेरुदण्ड) विशेषज्ञ
आज मिति : २०७७ चैत २८ गते शनिबार
कन्काई हस्पिटलमा आउँदै हुनुहुन्छ।

सम्पर्क: **कन्काई हस्पिटल प्रा. लि.**
बिर्तामोड, झापा
सम्पर्क फोन:- ०२३-५३३८०७, ०२३-५३३८१८

(पाटीटंकीको रेठमा बिर्तामोडमै मोबाइल सेट)
मोबाइल ! मोबाइल !! मोबाइल !!!

हामी कहाँ सम्पूर्ण ब्राण्डका मोबाइल सेट (SAMSUNG) oppo, vivo, Redme, MI, Lava, Nokia, One plus, Real me **इत्यादि** साथै मोबाइल कभर, ब्याट्री, टेम्पर ग्लास, चार्जर, एयरफोन, डाटाकेवल लगायत मोबाइलका सम्पूर्ण एसेसरीजहरु खुद्रा तथा होलसेलमा पाइन्छ।

मेची मोबाइल एण्ड एसेसरीज, पुरानो भद्रपुररोड, बिर्तामोड
सम्पर्क फोन:- ०२३-५४४२४३१, ९८०४९३५३५१

नवनिर्वाचितहरुलाई नेपाल-भारत मैत्री संघको सम्मान

बिर्तामोड, चैत २७। नेपाल-भारत मैत्री संघ बिर्तामोड उपशाखाले संघका केन्द्रीय अध्यक्ष तथा सदस्यसहित नेपाल पत्रकार महासंघ झापाका नवनिर्वाचित अध्यक्षलाई सम्मान तथा बधाई ज्ञापन गरेको छ।

शुक्रबार बिर्तामोडस्थित मारवाडी सेवा समितिको भवनमा नवगठित बिर्तामोड उपशाखाले उनीहरुलाई सम्मान गरेको हो। उपशाखाले संघका नवनिर्वाचित केन्द्रीय अध्यक्ष तथा प्रदेश सांसद ओमप्रकाश सरावगी, केन्द्रीय सदस्यहरु प्रेम चुडाल, ज्योति न्यौपाने र नेपाल पत्रकार महासंघ झापाका नवनिर्वाचित अध्यक्ष एकराज गिरीलाई सम्मान तथा कार्यकाल सफलताको शुभकामनासहित बधाई ज्ञापन गरेको थियो।

उनीहरुलाई राजकुमार पोखरेल, राजकुमार अग्रवाल, शेखर ढकाल, शारदा रिजाल लगायतले खादा तथा ढाकाटोपी लगाएर सम्मान गरेका थिए। नेपाल-भारत मैत्री संघ बिर्तामोड उपशाखाका अध्यक्ष सुरेश वंशलको अध्यक्षतामा आयोजित कार्यक्रममा उपाध्यक्ष शेखर ढकालले स्वागत गरेका थिए।

कार्यक्रममा संघका नवनिर्वाचित केन्द्रीय अध्यक्ष तथा प्रदेश सांसद सरावगी, केन्द्रीय सदस्यहरु चुडाल, न्यौपाने, झापा अध्यक्ष प्रदीप रेग्मी, नेपाल पत्रकार महासंघ झापाका नवनिर्वाचित अध्यक्ष गिरी, नेपाल-भारत मैत्री संघ बिर्तामोड उपशाखाका कोषाध्यक्ष कुलप्रसाद खरेल, राष्ट्रिय उपभोक्ता मञ्च झापाका अध्यक्ष मदनगोपाल सुब्बालगायतले शुभकामना मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन बिर्तामोड उपशाखाका सचिव युवराज दाहालले गरेका थिए।

अलैंची व्यवसायी महिलाको क्षमता अभिबृद्धि

बिर्तामोड, चैत २७। अलैंची व्यवसायी महासंघ महिला सञ्जालको आयोजनामा अलैंची व्यवसाय तथा खेतीमा आबद्ध महिलाहरुका लागि क्षमता अभिवृद्धि तालिम बिर्तामोडमा सम्पन्न भएको छ।

सञ्जालकी अध्यक्ष सुष्मा पौडेलको अध्यक्षता तथा नेपाल अलैंची व्यवसायी महासंघका संस्थापक अध्यक्ष राजेन्द्रकुमार घिमिरेको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो।

कार्यक्रममा सञ्जालकी अध्यक्ष पौडेलले अलैंची व्यवसाय तथा खेतीमा संलग्न महिलाले पनि पुरुषसरह काम गर्न सकून्, सार्वजनिक स्थानमा डर संकोचबाट माथि उठेर आफ्ना अभिव्यक्ति व्यक्त गर्न सकून् भन्ने उद्देश्यले क्षमता अभिबृद्धि तालिम गरिएको बताइन्।

तालिममा झापालगायत पूर्वी पहाडी जिल्लाका ३० जना महिला अलैंची व्यवसायी तथा किसानको सहभागिता रहेको महासंघका कार्यलय प्रमुख अनिल ढुंगानाले जानकारी दिए।

प्राकृतिक श्रोत द्वन्द्व रुपान्तरण केन्द्रकी राष्ट्रिय श्रोतव्यक्ति संगीता थापाले तालिममा सहभागीलाई महिलाको हक अधिकार र लैंगिक समानता, कानून लगायतको विषयमा तालिम प्रदान गरेकी थिइन्। कार्यक्रममा बिर्तामोड-१ कि वडासदस्य यमुना आचार्य, सहजकर्ता संगीता थापाले तालिममा सिकेको सिप व्यवहारमा उतार्न सहभागीलाई आग्रह गरेका थिए।

त्यस्तै सहभागीका तर्फबाट अस्मिता खनाल, सञ्जालका केन्द्रीय सदस्यहरु निर्मला अग्रवाल, सुमित्रा भट्टराईलगायतले तालिम फलदायी रहेको बताएका थिए। कार्यक्रमको सञ्चालन सञ्जालकी सचिव संगीता चिमरियाले गरेकी थिइन्।

महिला तथा बाल बालिकामाथि १३ वटा हिंसा

लक्ष्मी उप्रेती

काँकरभिट्टा, चैत २७। इलाका प्रहरी कार्यालय काँकरभिट्टा मातहतका क्षेत्रमा चालूआर्थिक वर्ष २०७७/२०७८ को पहिलो आठ महिनामा महिला तथा बाल बालिकामाथि भएका १३ वटा हिंसा सम्बन्धिका मुद्दा दर्ता भएका छन्। यी घटनामा १२ जना संलग्न रहेकोमा नौ जना पक्राउ परेका छन्।

तीमध्ये धेरै पुर्पक्षका लागि कारागार चलान भएका छन् भने केही धरौटीमा रिहा भएका छन्। इलाका प्रहरी कार्यालय काँकरभिट्टाको अपराध अनुसन्धान शाखाका अनुसार जवरजस्ती करणी, जवरजस्ती करणी उद्योग, हाडनाता करणी तथा बाल यौन दुरुपयोग लगायतका हिंसा महिला तथा बाल बालिकामाथि हुने गरेको छ।

कार्यालयको त्रि-वर्षीय तुलनात्मक अपराध तथ्याङ्कले चालू आर्थिक वर्ष २०७७/०७८को साउनदेखि फागुन मसान्तसम्म जवरजस्ती करणीका चारवटा घटना भएका छन्। तर, ती सबै फछ्यौंट भइसकेको कार्यालयले जनाएको छ। ती घटनामा संलग्न पाँच जनामध्ये चारजना पक्राउ परिसकेका छन् भने बाँकी एकजना फरारको सूचीमा रहेको कार्यालयले जनाएको छ।

यसैगरी जवरजस्ती करणी उद्योगका घटनामा संलग्न ६ जनामध्ये एक जना प्रहरी नियन्त्रण बाहिरै छन्। चालू आर्थिक वर्ष २०७७/०७८को आठ महिने अवधिमा कार्यालयमा जवरजस्ती करणी उद्योगका पाँचवटा मुद्दा दर्ता भएको र सबै फछ्यौंट भइसकेका छन्। हाडनाता करणीमा संलग्न एकजना पक्राउ परेका छन्। उनको मुद्दा पनि किनारा लागिसकेको बताइएको छ।

सो अवधिमा बाल यौन दुरुपयोगका तीनवटा मुद्दा दर्ता भएका छन्। तीमध्ये दुईवटा फछ्यौंट भइसकेका छन् भने एउटा प्रक्रियामा रहेको छ। घटनामा संलग्न दुई जनामध्ये एकजना पक्राउ परे पनि अरु एकजना प्रहरीको सर्वाधिक खोजीको सूचीमा रहेको बताइएको छ।

पक्राउ परेका अभियुक्तविरुद्ध कार्य अनुसारको मुद्दा दर्ता गरी थप अनुसन्धान गरेर जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालयलगायत सम्बन्धित कार्यालयमा उपस्थित गराउने गरिएको छ। यीमध्ये थोरै प्रक्रिया पुगेर धरौटीमा रिहा भएका छन् भने धेरै पुर्पक्षका लागि जेल चलान भएको कार्यालयको भनाइ छ। महिला तथा बालबालिकामाथि हुने हिंसाका घटनामा झण्डै तीनबर्षका नाबालिकादेखि ७०/७५ उमेर समूहका महिला पर्ने गरेका छन्। नगरमा यस्ता घटनामा कमी ल्याउन स्थानीय प्रशासनले बेला-बेलामा विभिन्न होटल, लजहरुमा छापा मार्ने, अश्लील फिल्म प्रदर्शन गर्ने स्थानको पहिचान गरी सीडीहरु जफत गर्ने, हेर्नेहरुलाई पक्राउ गरी कारवाही गर्न थालेको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टा अन्तर्गत बाहुनडाँगी, नकलबन्दा, सतीघट्टा तिरीङ्ग प्रहरी चौकी रहेका छन्। ती कार्यालयको मेचीनगर नगरपालिकाको कूल १५ वटा वडाहरुमध्ये दशवटाका जनताको जीउधनको सुरक्षाको जिम्मा रहेको छ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टा स्रोतका अनुसार तिरीङ्ग प्रहरी चौकीले मेचीनगरको वडा नम्बर १, २ र ३ को केही भाग, बाहुनडाँगीले २, ४ र ३को केही भाग तथा नकलबन्दाले ५, ८ र ६ नम्बर वडाको केही भाग, सतीघट्टाले वडानम्बर ७ लगायतका आसपासमा हुने आपराधिक घटना तथा सीमा क्षेत्रबाट हुने अवैध व्यापारको नियन्त्रण र रोकथाम गर्दै स्थानीय वडावासीलाई सुरक्षा प्रदान गर्दै आएका छन्।

दमकमा ...

हडप्न खोजेको आरोप लगाए।

६ जना प्रहरी नियन्त्रणमा

दमक-७ स्थित पुरानो पूर्वपश्चिम राजमार्ग आसपास पर्ने ६ वटा घरमा पनि नगरपालिकाले डोजर चलाएको छ। २०५८ सालदेखि बसोबास गर्दै आएको पशु हाट उत्तरको विपन्न तथा अशक्तहरूको बस्तीमा प्रहरीले जबर्जस्ती गरेर डोजर चलाएपछि त्यसको प्रतिकारमा उत्रिएका स्थानीयलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

प्रहरीले ६ जनालाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय दमकमा राखेको छ। काममा अवरोध गरेकाले उनीहरूलाई नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय दमकका डीएसपी नवराज कार्कीले बताए। पटक-पटक घर हटाउन खोज्दा समेत नसकेकाले प्रदेशबाट समेत प्रहरी झिकाएर नगरपालिकाले डोजर चलाएको बताइएको छ। नगरपालिकाले संरचना हटाउन सशस्त्र, नेपाल प्रहरी र नगर प्रहरी गरी डेढ सयभन्दा बढी प्रहरी परिचालन गरेको थियो।

माओवादी केन्द्रद्वारा घटनाको भर्त्सना

अतिविपन्न भूमिहीन सुकुम्बासीहरूको घर टहरामा दमक नगरपालिकाद्वारा गरिएको निर्मम हस्तक्षेप एवम् बल प्रयोगप्रति माओवादी केन्द्र दमक नगर समितिले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

सचिव तीर्थराज बस्नेत (शंकर) र सहइञ्चार्ज बेदु गौतमले हस्ताक्षर गरेको विज्ञप्तिमा लामो समयदेखि उक्त स्थानमा बसोबास गर्ने अति सामान्य आर्थिक अवस्था भएका भूमिहीनहरूलाई उपयुक्त वैकल्पिक व्यवस्थापन नगरी प्रहरी प्रशासनको बलमा लखेट्ने अमानवीय कार्यमा दमक नगरपालिका र मेयर नै संलग्न हुनु दुःखद् भएको उल्लेख छ।

समस्याको स्थायी समाधानका निम्ति दमकमा रहेका सम्पूर्ण राजनीतिक दलहरू र सम्बन्धित परिवारसँग समेत कुनै प्रकारको छलफल एवम् सहमति नगरी पत्रपत्रिकामा सूचना जारी गरेकै भरमा मजदुर, सुकुम्बासी र अतिविपन्नको थातथलो उठाउन खोज्ने कार्यले थप जटिलता सिर्जना गर्ने भएकोले संवेदनशील भएर परिस्थितिको ठोस् निकासको निम्ति पहल गर्न दमक नगरपालिकालाई विशेष आग्रह गर्दछौं- विज्ञप्तिमा भनिएको छ। हाम्रो आग्रह र अनुरोधलाई बेवास्ता गरी चालिएका कुनै पनि कार्यबाट सृजना हुने परिणामको जिम्मेवार स्वयम् दमक नगरपालिका कार्यालय हुने विज्ञप्तिमा चेतावनी दिइएको छ।

कुटपिटबाट ...

बन्धक बनाई शारीरिक, मानसिक र आर्थिक यातना दिई शोषण गरिराखेको भन्ने सूचनाको आधारमा केन्द्रीय अनुसन्धान ब्यूरो र दुबईस्थित नेपाली राजदूतावास समेतको सहयोग र सहकार्यमा पीडितलाई उद्धार गरिएको थियो।

उनलाई जिल्ला अदालत काठमाडौंको आदेशले कैद भुक्तानको लागि कारागार कार्यालय डिल्लीबजारमा पठाइएको उक्त व्यूरोले जनाएको छ।

कुक चाहियो

सम्पर्क : ९८५२६८१३२३, ९८१५०५८३२३, ९८५२६७४७०४

वितरक चाहियो

लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोड प्रोभिडेन्स कलेजबाट अन्धुवा पुल हुँदै महेन्द्र शोरुमसँग, कृषिथोक हुँदै शनिश्चरे लाइन, पाथीभरा टोल-३ नम्बरसम्मका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला।

नोट: साइकल भएको १ जना, पाँच हजार सेलरी।

सम्पर्क: ९८१६६४१५७३, ९८०१४०४०००

कर्मचारी आवश्यकता

नेपाल सरकारबाट मान्यता प्राप्त यस कम्पनीलाई कार्यालय सञ्चालन र विस्तारका लागि केही कर्मचारी आवश्यक परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।

पद : P.R.O, Tranning Officer
योग्यता : SEE, +2 सो सरह
तलब : 15,000 to 20,000/-
कागजात : PP Size Photo 2pcs, Citizership. education Certificated.
सम्पर्क : बिर्तामोड-५, शनिश्चरे स्टेण्ड
फोन : ९८२५३५८७९६, ९८६६७२५७९

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

आवश्यकता

कुक : २ जना (सामान्य)
हेल्पर : २ जना वेटर : ४ जना
सम्पर्क : ९८१४९९७८८७

जग्गा बिक्रीमा

बिर्तामोडस्थित भद्रपुररोड माछापुच्छे बैंक पश्चिम रहेको १० धुर½ जग्गा तु-बिक्रीमा छ। इच्छुकले तु-सम्पर्क गर्नुहोला।

सम्पर्क : ९८४२७३०८२४

चिनारी राजश्व सेवा सेन्टर

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक हार्डवेयर पसललाई निम्न अनुसार कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

पद : सेल्समेन
(पसलमा बसेर सामान बेच्नु पर्ने)
हार्डवेयर सम्बन्धी सामानहरुको ज्ञान भएको
सम्पर्क: ९८२५९४७२७७

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुर्गन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

चट्ट फोन झट्ट सेवा

सम्पर्क: ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

महत्वपूर्ण कागजात हराएको सूचना

झापा शिवसताक्षीधाम मन्दिर परिसरमा बस्ने भीम गिरी (नागा बाबा) को मिति २०७७ साल चैत २३ गते सोमबारका दिन दूधेस्थित नबिल बैंकमा सामाजिक सुरक्षा भत्ता लिएर फर्कने क्रममा निम्न कागजात हराएको हुँदा पाउनु हुने माहानुभावले नजिकको प्रहरी कार्यालय तथा निम्न ठेगानामा सम्पर्क राखिदिन हुन विनम्र अनुरोध छ।

हराएका कागजातहरु : बसाइँसराई प्रमाण पत्र
नागा साधु (पूर्ण सन्यास)को प्रमाण पत्र
स्वास्थ्य बिमाको परिचयपत्र
पुष्पाञ्जली पुस्तक
ज्येष्ठ नागरिकको परिचय-पत्र

फोन नम्बर : ९८४५७५७४१६ सताक्षीधाम मन्दिर परिसर शिवसताक्षी, झापा

प्रेस विज्ञप्ति

दुई बर्षअघि झापामा साना निर्माणकर्मीहरुको बृहत्तर हितका लागि साना निर्माणकर्मी संघ गठन भएको थियो। समग्र व्यवसायीलाई सुरक्षित तवरले व्यवसाय सञ्चालन गर्न असहज परिस्थितिमा व्यवसायको सुनिश्चितता तथा श्रमिक र निर्माणकर्मीबीच आपसी सद्भाव, निर्माण सम्बद्ध व्यवसायको हितका लागि यो निर्माणकर्मी संघ गठन भएको हो र अहिले पनि सञ्चालनमा रहिरहेको छ। श्रमिक र निर्माण व्यवसायीलाई बिमाको माध्यमबाट सुरक्षित गर्ने कार्यमा संघले अहम् भूमिका खेलिरहेको छ। साना निर्माणकर्मी संघको नेतृत्व सम्हालिरहेको म राजु राजवंशी (सन्तोष) ले आफ्नै समस्याका कारण आजका मितिदेखि साना निर्माणकर्मी संघको अध्यक्ष पदबाट राजीनामा दिएको यसै प्रेस विज्ञप्तिमार्फत सबैमा जानकारी गराउन चाहन्छु।

मैले साना निर्माणकर्मी संघको अध्यक्ष पक्षबाट राजीनामा दिए पनि नेपाली कांग्रेस सम्बद्ध सबै नेता गणको सल्लाह र सुझावलाई मध्यनजर गर्दै पार्टीको विभिन्न संगठनमा रहेर पार्टीकै काम गर्ने यसै विज्ञप्तिमार्फत प्रतिबद्धता व्यक्त गर्दछु ।

राजु राजवंशी (सन्तोष): अध्यक्ष
साना निर्माणकर्मी संघ, झापा

महारानीगञ्ज माध्यमिक विद्यालय

अर्जुनधारा-११ (सालबारी), झापा
१ नं. प्रदेश नेपालको

पुन:दरखास्त माग गरिएको सम्बन्धी सूचना

मितिः २०७७।१२।२४

यस विद्यालयलाई उपलब्ध भएको शिक्षण सहयोग मावि अनुदान दरबन्दी कोटामा शिक्षक पदपूर्ति गर्न दरखास्त माग गरिएकोमा कुनै दरखास्त नपरेकाले पुनः योग्यता पुगेका नेपाली नागरिकबाट तपशिल अनुसारको रितपूर्वक दरखास्त माग गरिएको छ।

तपशिल

१) विज्ञापन नं. क) गणित ०१-२०७७/२०७८
२) पदः शिक्षक ३) तहः मावि (अनुदान)
४) विषयः गणित ५) संख्याः १
६) आवश्यक कागजातः
क) शैक्षिक योग्यताका प्रमाणपत्रहरुका प्रतिलिपि
ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
ग) स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि
घ) निरोगिताको प्रमाणपत्रको प्रतिलिपि
७) शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय गणित लिई स्नातक उत्तीर्ण
८) उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने।
९) दरखास्त पेश गर्ने (विद्यालयको समयः)
क) करार सूचीमा नाम भएकाहरुका हकमा मिति २०७७।१२।२४ गतेदेखि मिति २०७७।१२।३० गतेसम्म
ख) खुल्ला दरखास्त पेश गर्ने हकमा मितिः २०७७।१२।३१ गतेदेखि मिति २०७८।०१।०६ गतेसम्म
१०) क) आवेदन दस्तुरः रु. १०००।- **ख) आवेदन फारम दस्तुरः** रु. २००।-
११) सम्पर्क मितिः मिति २०७८।०१।०७ गते
१२) परीक्षा मितिः सम्पर्क मितिको दिन तोकिने।
१३) परीक्षा सञ्चालन केन्द्रः सम्पर्क मितिको दिन तोकिने।
१४) परीक्षाको किसिमः लिखित मौखिक र आवश्यक भएमा प्रयोगात्मक
१५) सेवासुविधाः नेपाल सरकारले तोके बमोजिम साथै शिक्षण सहयोग अनुदान रकम निरन्तर प्राप्त भएमा करार अवधि थप हुनसक्ने।
१६) पाठ्यक्रमः शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।
१७) सम्पर्कमा आउँदा सक्कल प्रमाणपत्रहरु ल्याउनुपर्नेछ।
(नोटः रितपूर्वक दरखास्त नभए स्वतः रद्द हुनेछ।

मनबहादुर लिम्बूः प्रअ/सचिव
शिक्षक छनौट समिति महारानीगञ्ज, मावि

लक्ष्मी कृषि सहकारी संस्था लि., कनकाई न.पा.-८, लक्ष्मीपुरको

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

यस कार्यालयको लागि तपशिलमा उल्लेख गरिएको पदका लागि खुल्ला प्रतियोगितात्मक परीक्षाबाट सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकाले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र यस कार्यालयमा तोकिएको योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

विज्ञापन नं.	पद	माग संख्या	कार्यक्षेत्र	उमेर	न्यूनतम् योग्यता
००१/०७७/०७८	अधिकृतस्तर १ जना सहायक २ जना	३ जना	बिर्तामोड, कनकाई नपा	२० वर्ष पूरा भई ४० वर्ष ननाघेको	वीवीएस वा सो सरह उत्तीर्ण

तपशील:

१. दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरु
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि - नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि - अनुभव भए सो प्रमाणपत्रको प्रतिलिपि
- ड्राइभिङमा मोटरसाइकल वा स्कुटरको लाइसेन्स - नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि

३. कम्प्युटर शिक्षा : सहकारी लेखा सम्बन्धी कारोबार सञ्चालन गर्न सक्ने र Software चलाउन सक्नेसाथै नेपाली टाइपिङ गर्न सक्ने।
४.दरखास्त दिने स्थान : सहकारी संस्थाको कार्यालय ५. दरखास्त शुल्क रु. २००।-
६ सेवा सुविधा : सञ्चालक समितिको आपसी सहमतिमा निर्धारण गरिने छ।

संयोजक
कर्मचारी छनोट समिति

नोटः सहकारी तथा वित्तीय संस्था सम्बन्धि कार्य अनुभव साथै समुदायमा आधारित जनसम्पर्कमा काम गरि आएको दरखास्तलाई विशेष ग्राह्यता दिइने छ। सूचना प्रकाशित गरिएको मितिले ७ दिनभित्र दरखास्त पेश गर्ने र सातौं दिन सार्वजनिक विदा परे सो को भोलिपल्ट दरखास्त दिन सकिनेछ। रित नपुगेको दरखास्तलाई परीक्षामा समावेश गरिने छैन। सम्पर्क फोन नं.: ०२३-५०३०९०,०२३-५३५७५५,०२३-५५०१५२

डिभिजन वन कार्यालय, झापा

प्रदेश नं. १ नेपाल
सम्पर्क : ०२३-४५५०५३

- हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबाल्नौं। आगो बाल्दा होसियार रहौं, आगोको काम सकिएपछि राम्ररी निभाऔं।
- वन क्षेत्रमा मानिसहरु हिँड्ने बाटोको दायाँ-बायाँ तथा घरबारी वरिपरि रहेका पातपतिङ्गर जस्ता सजिलै बल्न सक्ने पदार्थहरुलाई हटाई सफा राखौं।
- गाउँ, टोलमा आगलागी तथा वन डढेलोको रोकथामबारे कुरा गरौं, विपद्बाट बचौं र बचाऔं।
- आगलागी भई हालेमा स्थानीय प्रशासन, प्रहरी, नेपाली सेना तथा नजिकको वन कार्यालयमा तुरुन्त खबर गरौं। आफ्नो ज्यानमा खतरा नहुने गरी वन डढेलो निभाऔं।
- वनमा आगो लगाउनु दण्डनीय अपराध हो। डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानूनी कारबाही गराऔं।

बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०६५/ ९८१७९५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६५६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

कविता

अलमलमा परैं म

ओमप्रकाश गौतम

कता जाउ के गरौं ए हजुर !
अलमलमा परे म दोधारमा छु
कतै जानै मन लाग्दैन
कतै हिँड्नै मन पर्दैन अचेल
मेरो भान्सा कोठा छ साथी
फूलबारी/करेसाबारीमा
काम गर्दागर्दै दिन बित्छ मेरो
साथीहरू फोन गर्छन्
साथी तँ हिजोआज कता छस् ?
बोल्दैनस्, के भो तँलाई ?
हिजो तँ गाउँ र शहर घुमिरहने
आज किन बिर्सदैछस् ?
यस्तै-यस्तै अनेकन प्रश्न गर्छन्
मेरा साथीहरू म अवाक छु
किनकि,
आज विश्व लकडाउनको
चपेटामा छ जनता भोक र शोकको
पीडामा छन्
हिजो कल्पेका बिपनाहरू
फगत सपना भए
यिनै-यिनै कुराले बन्धकमा परेको
मेरो जीवन
हतास-हतासमा अलमलिएर
हरेक दिन जब एउटा कोठामा
दिन र रातमा निसास्सिएको छु नि
त्यसैले अलमलमा परैं म...?

गजल

आफ्नो सम्झी तिमीलाई माया गरे कसो हुन्छ
चोखो दिलको मेरो माया लिएर सरे कसो हुन्छ !

जीवनमा तिमीलाई धोका होइन साथ दिन्छु
तिमीसामु बिश्वासको चिनो बोकी झरे कसो हुन्छ !!

संघर्षको सपनीमा देख्छु सधैं तिमीलाई
दुनियाँसामु तिमीसँग मायामा परे कसो हुन्छ !

विश्वासको मायामा हामी दुईको साथ मात्र
माया गर्न अरू आए तिमीलाई सम्झी टरे कसो हुन्छ !!

हाम्रो यो अपार माया सफल त हुन्छ अब
सिन्दुर पोते लगाएपछि अनि खोला तरे कसो हुन्छ !!

– कमलप्रसाद बाँस्कोटा
धैलाडुब्बा, झापा

अनि हरिराम बाजेले टोपी झिके र कपाल कन्याए !

व्यंग्यनारान पाँडे

गएको कात्तिक पाँच गतेयता 'सर्खारी कम्प्रेट' छाप भोटो लगाएर उफ्रीपाफ्री गर्ने बिजिनेस गाउँ-समाजका ठेट्ता-ठेट्नी, भूइँफुट्टा डेडअक्कली र भालुभुत्ते टाठा-टाठी र बाठा-बाठीका लागि निक्कै नै आकर्षक भएको देखिँदो छ । यस हुलामालामा पुराना दिनका गौंथलीको बाऊको सक्कली अवतार भएर स्थानीय हरिराम पुरेत बाजे भनेपछि चिनिने व्यक्ति निकै अगाडि छन् । र, यी हरिरामबाट दग्धी भोगिरहेका धेरै छिमेकी, टोले र वरपरका चिन्हारुमध्ये बढी पीडित म पनि हूँ । उइले गौंथलीको बाऊबाट दग्धी सहेको अनुभवले हरिरामको दग्धी सहन केही सहज भएको छ, नत्र यसैकारण घर-जग्गा बेचेर भाग्नुपर्ने ! बेला-कुबेला आइरहने, बेकामे कुरा बर्नाउने, ठालू पल्टेर खपिनसक्नु मपाइँ हाँक्ने र बेमतलबमा गिदी गिजोलेर वाक्क लाउँछन् हरिरामले पनि गौंथलीको बाऊले जस्तै !

आज मकहाँ आइरहेका हरिराम बाजे उर्फ 'कम्प्रेट हरिराम'-ले बरण्डामा उक्लिनासाथ भने– बरु मलाई कसैले ठ्याम-ठ्याम कुटोस् तर हेपेर डोमिन्याट चइँ नगरोस् भन्छु क्या म । डोमिन्याट हुनपर्दा चइँ मलाई जिउँदै मरे जस्तो अनुभौ हुन्छ । यो ठूलो मान्छेको सोभाभै हो क्यारे । 'ठूलो मान्छे' गर्न काँहाँ सइलो-इजिलो हुँदोरछ त ? तपइँहरू जैसो सर्भसादारानलाई एस्तो माउसुस हुँदैन र डोमिन्याट हुँदा पनि निदुक्कै हुँदो हो नि ? यो पोल्टिकल बिख्नेसमा डोमिन्याट सहन मिल्दैन ।"....

मैले केही त बोल्दै पर्थ्यो र भनें– "पहिला-पहिलो भए ठीकै हो, त्यस्तै हो दुनियाँ भन्न मिल्थ्यो तर अहिलेका तपाईंलाई पनि हेप्ने-डोमिनेट गर्ने आँट कसैले गर्छ र ? सबै डराउनुपर्ने अवस्था छैन र तपाईंसित ?"

उनले भने– "ती क्या त, अस्ति सन्सरबार मसित आकी आफ्नी छोरी मनकुमारीले तपइँको अकम्प्रेटी कुराको सपोटमा मेरा नाकाँ अम्लो ल्याम्दै मेरो एत्रो भामट पोल्टिस्यान मर्ज्यादालाई डोमिन्याट गर्‌या तपइँले इनै आँखाले देख्या– इनै कानभरि सुन्यै होउ त । अरु-अन्ने कसैले तेति गर्‌या भा त मैले जान्या थैं ।"

मैले बित्थामा प्याच्च भनें– "अनि अनुशासनको कारवाही गर्नु नि त ।"उनले आँखा तिखारेर मलाई हेर्दै भने– "म सोएम् सर्खारी कम्प्रेटले आफ्नी छोरीलाई कस्तो कारबाइ गर्नु भन्या तपइँले हँ ?"

मैले केही नसोची तुरुन्त जवाफ फर्काएँ– "ती क्या त, तपाईंहर्‌को सरकारी फब्ल्याँटोतिरको एमालेका अध्यक्ष-प्रधानमन्त्रीबाट अर्को फब्ल्याँटो एमालेका माधव नेपालहर्‌लाई कारवाही गरे जस्तो ।"

पहिला-पहिलो झनक्क रिसाउँदा गौंथलीको बाऊले जस्तै प्याट्ट हात पढ्काउँदै च्याँठिएर भने उनले–"तपाईंले बिचार-बिभेक र नन्सेन्स नै नराखी मेरी छोरी मनकुमारीलाई कारबाइ गर्नु भन्र मलाई किन भट्काउनु खोज्या ? म सोएम् बाऊ एमालेको सर्खारी पाटीमा छु भने मेरी छोरीलाई उसले जे नै गरे पनि कारबाइ गर्न मिल्छ ? हामेरको पच्छेकालाई कारबाइ गर्ने अर्को कुन सर्खार छ एस देशाँ ? पीन डरप साइलेन भऊ र मेरा कुरा सुन– म जिउँदो भउन्जेल यो हामेरको एमालेको चाइनेकेर सर्खारी पाटीलाई गेटाउटमा पारेर कस्सैले अर्को सर्खार थापित गर्न दे त मरिजाउँ । तेस्तो बल्यो भीउँसेने सर्खार हो यो । र, यो सर्खारका हुक्कुम-उर्दीले यो देश चलुन्जेल..... दिमाखको लिबरमा राख हओ पाँडेजी.....तेतिन्जेल म एइ पाटीमा हुन्छु क्या । म भउन्जेल मेरी छोरी मात्तै के मेरा फुपाजुकी भट्केली भान्जीका देवरको सालोलाई समेत सात खुन माफ हुन्छ– लु जा ! भनेसि तपईंले कुरो किल्लेर बुज्यौ होला नि ? कुरो बुजेर नि बुज पचाइराख्या होउ भने तपइँका ग्र-दशा अरिस्ट भछन् भन्ने चइँ बुज । मसित अन्नेथा कुरामा डिस्केस नारेर मेरा कुरालाई डोमिन्याट गर्नेलाई काटमाडुँको पर्दानमन्त्रीको दर्बार भको लल्ता निभासको माटो हिन्नामिन्ना काण्डमा माधौ नेपाल र डाग्डर बाउरामलाई फँसाउन अक्तिआर-उक्तिआर सर्भोच्च-उर्मच्चतिरड रेडी हुँदै गर्‌या जालोमा पार्दिम ? भन्र ठण्डा बनाउने मसित तपइँ पनि बढता डिस्केस नगर नि । केइ लागेन भने रामदुलारी र मुसीकी आमा दोडा कम्प्रेट्नीलाई खटा'र म तपइँ जैसा मुडलिसे सक्ला व्याक्तिलाई त भन् इजिलै किस्नबादुर मोरालाई जैसै एक भन्नु न दुई पारिहाल्छु नि ।"

म के भनेर उनलाई धपाउन टाँट्तैथैं, उनैले खत्खत्खत् हाँसो हाँसेर भने– "तपईंले पैलो कुरो त डोमिन्याट भन्ने ईंलिसको अङ्रेजी सब्धको माने के भन्ने नै बुज्या रैनछ क्यार ?"

मैले भनें– "के हो, बुझाउनु नि त ।"

उनी भन्न थाले– "ती क्या त, हामेरका अदच्छे-प्रमम् कम्प्रेट मउसुपका प्रेस सेक्टेरी क्या त– खरायो कि चील-गिद्ध पङ्छीहर्‌का जैसा मनपैटै चस्स घोत्ने जैसा तिखा आँखा भका र काँक्रो-स्याउ दार्ने अगिल्ला दाँत पनि कइलेइ नदेखाउने सूर्जे नाम भए नि अउँसीको रात जैसो अन्भारधारी नभयुवक, क्या त ? होओओओ हवाँले माधौ नेपाल-पुस्पकम्बल दाल जैसा भूतपूर्वक पदानमन्त्रीको दर्जाका पाका र लम्बरी कम्प्रेटहर्‌लाई समेत 'कमिनिस गर्न' सिकाउँदै फैलोट गर्ने बिग्गेपतिमा कस्ता हेपुआ सब्धहर्‌ले डस्ने गर्नु हुन्छन् ? तेसो गर्नु खास डोमिन्याट गर्नु हो । ती दोडा बूडा किनभने अैले सर्खारी पाटीका एगेनेसमा छन् । उइले, पोर हो कि प्रार, सत्तरी कडोर रुप्पे कमिसिन घाँटीबड उगेल्न बाद्दे भएसि लाज र सर्मले ड्विच्च परेर मन्त्रीबड रिजाएन गर्ने गोक्कुल बाँस्कोटा– ती क्या त, रिसाको लाटकोसेराका जैसा आँखा र जंगबादुर राँडाको आठपरियाको जैसो उन्मत्त घमण्डी अन्भार परेका, क्या त ? होओओओ हवाँ मन्त्रीको पाओरमा भइराख्या ट्याममा पत्रकार गर्न च्याम्पेन-च्याम्पेन सन्पादक मउदएहर्‌लाई समेत राँडाकालका गोरुआँखे अत्तेचारी सामान्ती जिमिदारले उसकाँ रीन चुक्ताउन बसेका कमइया र हलि-गोठालालाई गर्ने जैसै बेभार गर्नुहुन्थे । तेसरी तेस्तो बेभार गर्नु डोभिन्याट गर्नु हो भन्ने मैले उइले धरानको पिण्डेसोरमा रुद्री पढ्न सिक्ता नै जानेको हूँ । तेसो भकाले गर्दाउँदी बुद्नुपर्ने कुरो के हुन्छ भन्लाऊ भने डोमिन्याट परायालाई गर्ने र ठेगान लाउने जिनिस हो, आफ्नाले आफ्नाको डोभिन्याटको जुआप डोभिन्याटैले दिने होइन क्या ।"

मैले लामो आङ तानें, दिमाग खल्बलियो कि भनेर टाउको हल्लाएँ र भने– "इन्डीयाका धेरै ठाउँमा रेल चल्दैछन्, हिटलर मरेको सयौं वर्ष भयो, चन्द्रमामा युरेनियम पाइन्छ भनेर बज एल्ड्रिन र नील आर्मस्ट्रङ गएै हेरेर आए, सन् १६४८ मा ताजमहल बन्यो, एडमण्ड हिलारी र तेन्जिङ शेर्पाले सन् १९५३ मई २९ मा सगरमाथा चढे, मैले बी.एस्सी पास गर्दा मेरो उमेर १८ वर्षको थियो भने कमरेड हरिराम पुरेत बाजे !– तपाईहरुको अहिलेको कम्युनिस्ट शासकीय जोखाना हेरेर फ्याट्ट भन्दिनु त मेरो उमेर कति भयो र म कहिले जन्मिएको हूँ ? तपाईं जस्तो सर्वज्ञ हूँ भन्ने कमरेडलाई यति भन्न त अवश्य नै असजिलो नहोला नि होइन ?"

म बोलिरहँदा हरिराम पुरेत बाजे कान कम सुन्ने देहाती बूढाले अलिकति मुख खोलेर ट्वाल्ला परी नेताको भाषण सुने झैं मेरा बोली सुनिरहे र म बोल्न छाडेपछि टोपी झिकेर कपाल कन्याए ! बस् !!.....

डाङ्ग्रे बाबा-सेतीदेवी-पाथीभरा माता धाम

'साझा धामको प्रबर्द्धन गर्न हामी सबैको चासो र एकता
पूर्वीय धर्म, दर्शन, संस्कार र संस्कृतीको संरक्षण गर्न हाम्रो प्रतिबद्धता'

अमित खम्बू

विश्वमै अत्यधिक संख्यामा रहेको विविध देवीदेवताहरुको तीर्थस्थलहरुसँगै लाखौं भक्तजनहरुको बसोबास हुने देशहरुको सर्वेक्षण गर्ने हो भने हाम्रो देश नेपाल पनि उक्त सूचीको उत्कृष्टभित्र पर्दछ भनी दाबी गर्नु अतिसयुक्ति नहोला । विविध समुदायहरुको बसोबास रहेको हाम्रो देशमा आस्थाको आधारमा धर्म र तीर्थस्थलहरुको नामकरण र पूजाअर्चना गर्ने विधिमा विविधता रहेता पनि एउटा कुरामा सबैको समानता छ त्यो हो समस्त प्राणीजगतको कल्याण । यस्तै समस्त प्राणीजगतको कल्याणको निमित्त प्रदेश नं. १ झापा जिल्लाको मुख्य व्यापारिक केन्द्र बिर्तामोडदेखि अनुमानित सात किलोमिटर उत्तरमा दुई वर्षअघि तान्त्रिक विधिद्वारा उत्पत्ती गरिएको महत्वपूर्ण तीर्थस्थल हो डाङ्ग्रे बाबा-सेतीदेवी-पाथीभरा माता धाम । पूर्वको पशुपतिनाथले परिचित अर्जुनधारा जलेश्वरधामको नामबाट नामकरण भएको अर्जुनधारा नगरपालिका-७ स्थित पाराखोपीमा रहेको उक्त धामको प्रबर्द्धन गर्ने उद्देश्यले सबैलाई संक्षिप्तमा जानकारी गराउनु गइरहेको छु ।

पृष्ठभूमि :

स्थानीयहरुका दाबी अनुसार अनुमानित एक सय वर्षभन्दा पूरानो बरपीपलको रुखसँगै विभिन्न प्रजातीका रुखबिरुवाहरु र डरलाग्दो झाडी रहेको उक्त क्षेत्रमा २०७५ साल मंसिर १ गते अघिसम्म रातको त कुरै छोडौं सुनसान हुँदा त दिनमा पनि नजिकको मार्ग भएर मानिसहरु हिँड्न डराउने गर्दथ्यो । स्थानीय युवा व्यवसायी रोशन नेम्वाङ लिम्बूको नेतृत्वको समूहले विजया दशमीको सन्दर्भमा २०७३ सालदेखि २०७५ सालसम्म नियमित दुर्गा पूजा सञ्चालन गरी सफलतापूर्वक सम्पन्न गर्नुलाई नै उत्पत्ती गरिएको धाम संरक्षणको कार्यको शुरुवात मान्नुपर्ने हुन्छ । नियमितरुपमा तीन वर्षको पूजा सम्पन्न भएपछि हाल बिर्तामोड निवासी माता कल्पना काफ्ले पौड्यालललाई सपनामा उक्त क्षेत्रमा देवीको बास रहेको र नियमित पूजाअर्चना गर्दा सबैको कल्याण हुने दैविक भविष्यवाणी भएको खबर माताले जानकारी गराएपछि स्थानीयहरु सक्रियरुपमा उक्त क्षेत्रको संरक्षणमा जुटेका हुन् ।

जग्गादाताहरु इन्द्रजीत चौधरी, चन्द्रबहादुर तामाङ र मोहनकृष्ण ढकालबाट संरक्षणको लागि देवीदेवताहरुको बासस्थान रहेको जग्गा र आवश्यक बाटो उपलब्ध गराउन सहमत भएपश्चात उक्त क्षेत्रलाई धार्मिक तथा पर्यटकीय स्थलकोरुपमा विकास गर्दै 'नमूना देवीस्थान' बनाउने उद्देश्यले स्थानीयहरुको भेलाबाट राजेन्द्र काफ्लेको अध्यक्षतामा १५ सदस्यीय संरक्षण समिति गठन गरी झाडी सरसफाई गर्ने र पूजास्थललाई बाँसको बेराले घेराबारा गर्ने कार्य शुरु भएको थियो । देवीस्थान संरक्षणको कार्य शुरु गरेसँगै माता पौड्यालको नेतृत्वमा मंसिरे पूर्णिमाको दिन उक्त देवीस्थानमा विशेष पूजाअर्चनाको आयोजना गरीएको थियो । सोही दिनदेखि पञ्चकन्या सेती सिंहदेवी देवीस्थान नामकरण भएको उक्त देवीस्थानको उद्घाटन नगर प्रमुख हरिकुमार रानाले उद्घाटन गर्नुभएको थियो ।

देवीस्थान हुँदै धामसम्मको यात्रा :

स्थानीय रञ्जु राईको घरमा मोरङको पथरीशनिश्चरे निवासी धामी विकास राई अर्जुनधारा-७ स्थित घर चिन्ता गर्न आउनुभएको सन्दर्भमा पहिलोपटक डाङ्ग्रे बाबाको चर्चा चलेको थियो । घर चिन्ताको क्रममा थान राख्दा डाङ्ग्रे बाबा पनि सोही थानमा आउनुभएको जानकारी धामी विकास राईले गराउनु र रञ्जु राईका दाइ(जेठाजु) तत्कालिन् देवीस्थान संरक्षण समितिका सहसचिव अशोक राईको जोखानामा अनुसार चैत २३ गते शनिबार चिन्ता राख्ने कार्य सम्पन्न भएको थियो । समुदायको हितको निमित्त उक्त क्षेत्रमा बसोबास रहेको देवदेवताहरुसँगै डाङ्ग्रे बाबा, साइँली पाथीभरा माता लगायतको उत्पत्तीका लागि चिन्ता गरेको चार दिनपछि तान्त्रिक विधिद्वारा २७ गते बुधबार र २८ गते बिहीबार दुई दिन भव्यरुपमा विशेष पूजाको आयोजना पश्चात् २८ गते धाम स्थापनासँगै धामको नाम डाङ्ग्रे बाबा-सेतीदेवी-पाथीभरा माता धाम जुरेको हो ।

पूजास्थलहरुको परिचय :

तान्त्रिक विधिद्वारा उत्पत्ती गरिएको धाम भए पनि तान्त्रिक र वैदिक दुवै विधिद्वारा पूजा गर्न सकिने उक्त धाममा भक्तजनहरुको सहजीकरणका लागि १० वटा पूजास्थलमा देवीदेवताहरुको नामकरणसँगै पूजा गर्नलाई क्रम संख्या उल्लेख भएको संकेतसहितको बोर्ड राखिएको छ ।

१) डाङ्ग्रे बाबा :

धामको मुख्य प्रवेशद्वारभित्र प्रवेश गरेपछि वरको रुखमुनि पूर्वतर्फ पहिलो पूजास्थल डाङ्ग्रे बाबाको रहेको छ । छिमेकी देश भारतको आसामस्थित पासीघाटमा डाङ्ग्रीय मन्दिर भनेर परिचित डाङ्ग्रे बाबाको बासस्थान रहेको यो धाम देशकै पहिलो तीर्थस्थल भएको २०७६ साल वैशाख १९ गते माडसेबुङ गाउँपालिकाको लारुम्बा भ्रमणको क्रममा किरात धर्मगुरु आत्मानन्द लिङ्देनले हाम्रो टोलीलाई जानकारी दिनुभएको थियो ।

देशभित्रै डाङ्ग्रे बाबाको बासस्थान भएको तीर्थस्थल हुनु अत्यन्त शुभ भएको बताउनु हुँदै धाम संरक्षण समितिले भविष्यमा गर्ने कुनै पनि धार्मिक गतिविधिहरुमा आफूले निमन्त्रणा पाएको खण्डमा दर्शनको लागि आउने धर्मगुरु आत्मानन्द लिङ्देनलले प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । उत्पत्तीकर्ता धामी विकास राईका अनुसार डाङ्ग्रे बाबासँगै वनभाँक्रीको पनि बसोबास हुने गर्दछ त्यस पूजास्थलमा ।

२) वनवासिनी :

डाङ्ग्रे बाबाको पूजा सम्पन्न गरेपछि दोस्रो पूजास्थल हो वनवासिनीको रहेको छ । चलनचल्तीको भाषामा जंगली भनेर बोलाइने वनवासिनीको पूजा पिपलको रुखमुनि दक्षिणतर्फ रहेको शिलामा गर्नुपर्ने हुन्छ ।

३) सेतीदेवी :

वनवासिनीको पूजा सम्पन्न गरेपछि तेस्रो पूजास्थल सेतीदेवीको रहेको छ । सेतीदेवीको पूजा पिपलको रुखमुनि पूर्वतर्फ रहेको शिलामा गर्नुपर्ने हुन्छ ।

४) मणि :

सेतीदेवीको पूजा सम्पन्न गरेपछि चौथो पूजास्थल मणिको रहेको छ । मणिको पूजा पिपलको रुखमुनि उत्तरतर्फ रहेको अण्डा आकारमा रहेको चिल्लो शिलामा गर्नुपर्ने हुन्छ ।

५) सेतीनाग :

मणिको पूजा सम्पन्न गरेपछि पाँचौं पूजास्थल सेतीनागको रहेको छ । सेतीनागको पूजा पिपलको रुखमुनि पश्चिमतर्फ रहेको शिलामा गर्नुपर्ने हुन्छ ।

६) जेठी पाथीभरा :

सेतीनागको पूजा सम्पन्न गरेपछि छैंटौं पूजास्थल जेठी पाथीभरा माताको रहेको छ । जेठी पाथीभरा माताको पूजा पिपलको रुखको उत्तरतर्फ मूर्तीसहित ढुंगा र माटोको मात्र प्रयोग गरी निर्माण गरिएको सानो आकारमा रहेको गुफा गर्नुपर्ने हुन्छ ।

७) साइँली पाथीभरा :

जेठी पाथीभरा माताको पूजा सम्पन्न गरेपछी सातौं पूजास्थल साँइली पाथीभरा माताको रहेको छ । सुरिलो सिमलको रुखमुनि रहेको धमिराको ढिस्को माथि अद्भुत र अनौठो शिलासँगै दुईवटा साना शिला रहेको छ । अन्य देवीदेवताहरुको पूजास्थल खुल्ला आकाशमुनी भए पनि यस पूजास्थलमा भने उत्पत्तीकर्ताको अनुमति अनुसार काठको बटम र टिन प्रयोग गरेर गोठ निर्माण गरिएको छ ।

८) कालीनाग :

साइँली पाथीभरा माताको पूजा सम्पन्न गरेपछि आठौं पूजास्थल कालीनागको रहेको छ । कालीनागको पूजा डुम्रीको रुखमुनि दक्षिणतर्फ रहेको कालीनागको प्रतिरुपमा गर्नुपर्ने हुन्छ ।

९) सीता पोखरी :

कालीनागको पूजा सम्पन्न गरेपछी नवौं पूजास्थल सीता पोखरीको रहेको छ । सीता पोखरीको पूजा पिपलको रुखमुनि उत्तर-पूर्वको खुल्ला स्थानमा गर्नुपर्ने हुन्छ । पाँच जना मातामध्ये भविष्यमा उक्त स्थलमा कान्छी माताको उत्पत्ती सीता पोखरीको नामबाट हुने उत्पत्तीकर्ताले भविष्यवाणी गर्नुभएको छ ।

१०) नवर्देश्वर शिवालय :

सीता पोखरीको पूजा सम्पन्न गरेपछि दशौं पूजास्थल नवर्देश्वर शिवालयको रहेको छ । नवर्देश्वर शिवालयको पूजा आँपको रुखनजिक रहेको शिवलिङ्गमा गर्नुपर्ने हुन्छ ।

त्यसैगरी धाम प्रवेश गर्ने दक्षिणतर्फको प्रवेशद्वारको दुवैतर्फ रहेको सिद्ध सिंहको शिलाहरु, गणेशको पूजास्थल, धमिराको ढिस्कोमा रहेको संसारी माईको पूजास्थल र विभिन्न शिलाहरुमा पूजा गर्नुपर्ने हुन्छ । अर्जुनधारा जलेश्वर धामका मूलअर्चक अग्निप्रसाद सिग्देल अद्भुत शक्तिशाली स्थानमा रहेको उक्त धाममा अनेकौं स्वरुपमा भगवानको दिव्य रुपमा विराजमान सँगै त्यहाँका प्रत्येक वृक्षको डाला-डाला र हाँगा-हाँगामा भगवतीको स्वरुप रहेको बताउनुहुन्छ । निर्माण गरिएको मन्दिरहरु भन्दा प्राकृतिकरुपमा उत्पत्ती भएको देवीदेवताहरुको शिलामा पूजाअर्चना गर्दा हजारौं गुणा फल प्राप्त हुने भन्दै उहाँले उक्त धाम जीवनमा एकपटक पुग्नैपर्ने तीर्थस्थल भएको दावी गर्नुभएको छ ।

स्थापनाको दृष्टिकोणबाट भर्खर भए पनि धाममा पूजाअर्चनाका लागि आउनुहुने भक्तजनहरुबाट पूजाअर्चना पश्चात् आफ्नो मनोकामना पूर्ण भएको प्रतिक्रिया सुन्न पाउँदा सिङ्गो समुदायको हितको निमित्त समितिले शुरु गरेको संरक्षणको कार्यलाई थप उर्जा मिलेको छ । उत्पत्तीकर्ता गुरुसँगै विभिन्न धर्मगुरुहरुको धामप्रतिको यथार्थ प्रतिक्रियाले संरक्षणकर्ताहरुमा उत्साह थप्ने गरेको छ । धामको संरक्षणसँगै विभिन्न समयमा हुने पूजा, पूर्वाधार निर्माण लगायतको कार्यमा प्रदेश सरकार, स्थानीय सरकार, दाता र भक्तजहरुले गर्नुभएको सहयोगप्रति समिति सधैं आभार प्रकट गर्दै आगामी दिनमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछौं ।

स्थान परिचय

विन्ध्यावासिनी सिंहदेवी मन्दिरमा शिव महापुराण

अर्जुनधारा, चैत २७। धार्मिक तथा पर्यटकीय क्षेत्रकोरुपमा विकास हुँदै गरेको झापाको अर्जुनधारा-४ भाडबारीस्थित विन्ध्यावासिनी सिंहदेवी मन्दिरमा यही चैत २९ गतेदेखि संगीतमय शिव महापुराण हुने भएको छ ।

समस्त प्राणी जगतको कल्याणको निमित्त चौथो वार्षिक अनुष्ठानको अवसरमा शुरु हुने महापुराण आगामी शैशाख ८ गते राम नवमीका दिन सम्पन्न हुने पत्रकार भेटघाटमा बताइएको छ । प्रमुख वाचक आचार्य होमनाथ खनाल र उपवाचक कृष्ण चापागाईं रहेको उक्त महापुराणको उद्घाटन धार्मिक व्यक्तित्व एवम् दाता जयनारायण ढुंगानाले गर्ने कार्यक्रम रहेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष मनोज जोशीले जानकारी दिए ।

महापुराण सम्पन्न गर्न समिति अर्न्तगत आठ वटा उपसमिति गठन गरिएको सचिव प्रेमबहादुर कार्कीले बताए । जसअनुसार सुरक्षा उपसमितिको संयोजकमा भीष्मप्रसाद शिवाकोटी र श्यामलाल दनुवार, दाता समन्वय उपसमितिको संयोजकमा केशव गुरागाईं, प्रचार-प्रसार उपसमितिको संयोजकमा होमप्रकाश अधिकारी, आर्थिक उपसमितिको संयोजकमा योगराज पराजुली, गल्ला परिचालन उपसमितिको संयोजकमा मनोरथ शिवाकोटी, खाद्य उपसमितिको संयोजकमा गोपाल राउत, मण्डप व्यवस्थापन उपसमितिको संयोजकमा खगेन्द्र पराजुली र भजन मण्डली उपसमितिको संयोजकमा प्रेमबहादुर कार्की चयन भएका छन् ।

उक्त महापुराण सम्पन्न गर्न अनुमानित चार लाख रुपैयाँ खर्च हुने बताइएको छ । हाल पोखरीसहित सात कट्ठा क्षेत्रफलमा रहेको मन्दिर परिसरमा आगामी दिनमा गुरुयोजना तयार गरी नवनिर्मित योगमायाको मन्दिरमा देवी योगमायाको प्रतिमा स्थापना, कृष्ण सरोवर कालिया दहनमा कृष्णको मूर्ती निर्माण, विन्ध्याचल पर्वत निर्माण, राधाकृष्ण मन्दिरको निर्माण, अक्षयकोषको स्थापना लगायतका कार्यहरु गर्ने लक्ष्य समितिको रहेको छ ।

एक सय वर्ष अघिदेखि नै स्थानीय सबै समुदायहरुबाट उक्त क्षेत्रमा देवीस्थानकोरुपमा पूजाअर्चना हुँदै आएको उक्त मन्दिर २०६८ सालमा विधिवत् दर्ता भई नामकरण गरिएको मन्दिर समितिका अध्यक्ष जोशीले बताए ।

महिला साक्षरता र लागूऔषध दुर्व्यसन सम्बन्धी गोष्ठी

लक्ष्मीपुर, चैत २७। नारी चेतना सक्षम संस्था नेपाल कनकाई-९ को आयोजना एवम् कनकाई नगरपालिकाको आर्थिक सहयोगमा महिला कानूनी साक्षरता गोष्ठी सम्पन्न भएको छ ।

संस्थाकी अध्यक्ष नर्वदा संग्रौलाको अध्यक्षता तथा कनकाई नगरपालिका वडा नं. ८ का वडाध्यक्ष प्रेमबहादुर कटुवालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । नगर उपप्रमुख मञ्जु प्रसाईको आतिथ्य रहेको कार्यक्रमको सञ्चालन मिना उप्रेतीले गरेकी थिइन् । वडा नं. ८ का ६० जना महिलाको सहभागिता रहेको कार्यक्रममा अधिवक्ता कविता शर्मा पाठक र कानून व्यवसायी मन्जला भट्टराईले सहजीकरण गरेका थिए ।

यसैबीच नारी सक्षम संस्थाको आयोजनामा कनकाई नगरपालिका वडा नं. ८ मा लागूऔषध दुर्व्यसन सम्बन्धी गोष्ठी समेत भएको थियो । वडाध्यक्ष कटुवालको प्रमुख आतिथ्य र संस्थाका अध्यक्ष संग्रौलाको अध्यक्षतामा भएको कार्यक्रममा चन्द्र चुडाल, गोविन्द श्रेष्ठ, धनपति मैनालीले शुभकामना दिएका थिए । कार्यक्रमको सहजीकरण इलाका प्रहरी कार्यालय सुरुङ्गाका इञ्चार्ज उदय शम्शेर जबराले गरेका थिए ।

कार्यक्रममा ४० जनाको सहभागिता रहेको थियो । महिला हिंसा र बलात्कारका घटना न्यूनीकरण गर्ने अभियान सञ्चालन गर्ने उद्देश्यले सो कार्यक्रम गरिएको बताइएको छ ।

लोकसेवा आयोग पास गरी जनताको सेवा गर्न आग्रह

□ उमानाथ भण्डारी

कमल, चैत २७। झापाको कमल गाउँपालिकाको आयोजनामा सञ्चालित लोकसेवा आयोगको तयारी कक्षा सम्पन्न भएको छ ।

गाउँपालिकाले चालू आर्थिक वर्षको युवा लक्षित कार्यक्रम अन्तर्गत साइवर स्पेस इन्स्टिच्युट (सिएससिआई इजुकेशन फाउण्डेसन) दमकको सहकार्यमा शुरु गरेको लोकसेवाको ४५ दिनको तयारी कक्षा समापन गरिएको हो ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष मेनका काफ्लेले युवा लक्षित कार्यक्रम अन्तर्गत लोकसेवाको तयारी कक्षा सञ्चालन गरेको बताइन् । उनले कृषकहरुको जीवनस्तर उठाउनका लागि कृषिमा आधुनिकरण साथै व्यवसायीकरण गर्नुका साथै अविभावकको अंग्रेजी मोहका कारण गाउँपालिकामा भएका सामुदायिक विद्यालयमा अंग्रेजी विषयका किताब निःशुल्क वितरण गरेको बताइन् ।

त्यस्तै उपाध्यक्ष बेनु शिवाकोटीले युवाका निमित्त लोकसेवा तयारी कक्षा शुरु गरेको र लोकसेवा आयोग पास गरेर आफ्नै ठाउँ आएर जनताको सेवामा लाग्न युवालाई आग्रह गरे ।

कमल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठले आफू सरकारी जागिरमा प्रवेश गर्दाको अनुभव सुनाउँदै विद्यार्थीलाई ध्यान दिएर अध्ययन गर्ने हो भने लोकसेवा सजिलै पास गर्न सकिने बताए ।

सिएससिआई एजुकेशन फाउण्डेसन दमकका संस्थापक प्रिन्सिपल राजु गौतमको अध्यक्षतामा भएको कार्यक्रममा कमल गाउँपालिका महिला तथा बालालिका शाखाका प्रमुख रेनुका गौतमले शुभकामना मन्तव्य राखेकी थिइन् । कार्यक्रमको सञ्चालन सदस्य माधव खनालले गरेका थिए ।

महिलालाई झोला बनाउने तालिम

दुहागढी, चैत २७। श्रेय सिर्जना महिला बचत तथा ऋण सहकारी संस्थाको आयोजना तथा मेचीनगर नगरपालिका-१४ नं. वडा कार्यालयको आर्थिक सहयोगमा कपडाको झोला बनाउने तालिम सम्पन्न भएको छ ।

स्थानीय १७ जना महिलाहरुको सहभागिता रहेको तालिममा प्रशिक्षक निर्मला भण्डारीले सहजीकरण गरेकी थिइन् । प्लाष्टिकजन्य झोलाको प्रयोग न्यूनीकरण गर्ने उद्देश्यका साथ सञ्चालित तालिममा सहभागीहरुलाई १० प्रकारका कपडाका झोला बनाउने सिप प्रदान गरिएको जनाइएको छ ।

कार्यपालिका सदस्य बिन्दा प्रसाईंको प्रमुख आतिथ्यमा सम्पन्न तालिम समापन कार्यक्रममा विश्व थापा, जीवन प्रसाईं, गोपीराज मैनाली, नगर परिषद् सदस्यहरु लाल महमद मिया, सुरेश बुढाथोकी लगायतले सहभागीहरुलाई प्रमाणपत्र वितरण गरेका थिए ।

आयोजक संस्थाकी अध्यक्ष कृष्णकुमारी सुवेदीको अध्यक्षता तथा सचिव मेनुका घिमिरेको सञ्चालनमा सम्पन्न कार्यक्रममा गोमा ढकाल, संस्थाकी व्यवस्थापक हरिमाया बराल, सहभागी कल्पना खड्का, मेचीनगर-१४ का वडाध्यक्ष शंकरप्रसाद पोखरेल लगायतले मन्तव्य राखेका थिए ।

राप्रपाको नेतृत्व चयन धमाधम

झापा, चैत २७। राष्ट्रिय प्रजातन्त्र पार्टी जिल्ला कार्य झापाले झापा क्षेत्र नम्बर १ (क) र (ख) को प्रदेश अधिवेशन मेचीनगरमा सम्पन्न गरेको छ ।

अधिवेशनबाट झापा १ (क) मा राजकुमार राईको अध्यक्षतामा १७ सदस्यीय समिति गठन गरिएको छ भने त्यस्तै झापा १ (ख) मा दीपेश राई (गोरे)को अध्यक्षतामा १७ सदस्यीय समिति गठन गरिएको बताइएको छ ।

केन्द्रीय सदस्य माया गुरुङको अध्यक्षता तथा राप्रपाका नेता राजेन्द्रप्रसाद लिङ्देनको प्रमुख आतिथ्यमा अधिवेशन सम्पन्न भएको थियो ।

जग्गा बिक्रीमा

बिर्तामोड नपा-२ स्थित चारपाने चोकबाट १ किलोमिटर दक्षिण पाथीभरा ग्यास फ्याक्ट्री जाने बाटोमा चारकुना मिलेको साढे ६ कट्ठा जग्गा एकमुष्ट बिक्रीमा छ ।

सम्पर्क : ९८५२६७२५९६

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेडसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७७९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

हल ए नेपाली चलचित्र : श्री
पहिलो शो ११:४५
दोस्रो शो २:४५
तेस्रो शो ६:४५

हल ए हिन्दी चलचित्र : ON Body
पहिलो शो ११:४५
दोस्रो शो २:४५
तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।
(फोन नं. ०२३-५४६४३६)

विरामी वर्गलाई खुशीको खबर

अत्यन्तै सरल, सहज ढंगले क्षारसूत्र विधिले पायल्स, फिस्टुला, फिसर तथा यौवन कमजोरी लगायत दम, खोकी, पिनासको उपचार गरिन्छ । साथै जाडरक्सी थाहै नपाइ १००% छुटाइन्छ ।

फाल्गुनन्द आयुर्वेद फार्मेसी
शनिश्चरे रोड, शिखर बजार पछाडि, बिर्तामोड, झापा
मो. ९८४२६४३६१८/९८०४९९४८८०

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

दमक चक्रपथ (२४.५ कि.मि.) सडक खण्डको स्तरोन्नतिको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७७/१२/२८)

प्रदेश नं १, झापा जिल्ला, दमक नगरपालिकामा सडक डिभिजन दमकद्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम र ठेगाना	सडक विभाग, संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय सडक डिभिजन दमक, ठेगाना : दमक, झापा फोन नं: ०२३-५८०२६५ फ्याक्स: ०२३-५८१३३९ ई-मेल : drodamak@gmail.com वेबसाईट : dro.gov.np/damak
प्रस्तावको व्यहोरा	दमक चक्रपथ (२४.५ कि.मी.) सडक खण्डको स्तरोन्नतिको प्रारम्भिक वातावरणीय परीक्षण क्षेत्राधिकार (राईट अफ वे): ३० मि. (१५ मि. दुवै तर्फ) फर्मेसन चौडाइः ९ मि. क्यारज वेः ७ मि. सोल्जर चौडाइः १ मि. दुवै तर्फ
प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा	झापा जिल्ला दमक नगरपालिकाको वडा नं: ३, ४, ८, ९ र १०

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको नगरपालिका/गाउँपालिका(हरु) तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :

प्रस्तावकको नाम र ठेगानाः	सम्बन्धित मन्त्रालयको नाम र ठेगानाः	परामर्शदाताको नाम र ठेगानाः
सडक विभाग, संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय सडक डिभिजन दमक, ठेगाना : दमक, झापा फोन नं : ०२३-५८०२६५ फ्याक्स : ०२३-५८१३३९ ई-मेल : drodamak@gmail.com वेबसाईट : dro.gov.np/damak	नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार, काठमाडौं फोन नं : ०१-४२११७३२/४२११९३१ ई-मेल : info@mopit.gov.np वेबसाईट : www.mopit.gov.np	इन्भारोमेन्टल वर्क्स एण्ड सर्भिसेज ठेगानाः नयाँ बानेश्वर, काठमाडौं फोन नं : ९८५१०४८५३१ ई-मेल : ews.ktm@gmail.com

मस्यौदा रेडियो जिङ्गल/माइकिंग/पत्रपत्रिका सन्देश घटना दर्ता अभियान सम्बन्धी बिर्तामोड नगरपालिकाको
अन्यन्त जरूरी सूचना

व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरी जरिवानाबाट बचौं ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँगको समन्वयमा बिर्तामोड नगरपालिकाबाट मिति २०७८ साल बैशाख १ देखि १६ गतेसम्म घटना दर्ता अभियान सञ्चालन हुने भएकोले व्यक्तिगत घटना दर्ता एवम् सामाजिक सुरक्षा भत्ताका लागि निवेदन दिन बाँकी भएका नागरिकहरुले आफ्नो वडा कार्यालयमा उपस्थित भई निवेदन पेश गर्नुहुनका साथै जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाई सराई जस्ता व्यक्तिगत घटना अनिवार्य रुपमा दर्ता गरौं/गराऔं । राष्ट्रियव्यापी रुपमा भइरहेको घटना दर्ता अभियान सफल पारौं ।

'घटना दर्ता गराउनु सबै नागरिकको कर्तव्य हो ।'

नभुल्नुहोस् है,
घटना दर्ता अभियान,
आगामी बैशाख १ गतेदेखि १६ गतेसम्म, तपाईको आफ्नै वडामा ।
व्यक्तिगत घटना घटेको ३५ दिनभित्र घटना दर्ता गरी जरिवानाबाट बचौं ।
थप जानकारी आवश्यक भएमा बिर्तामोड नगरपालिकामा सम्पर्क गर्नुहोला ।
बिर्तामोड नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

– शाखा अधिकृत

ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । प्रतिक्षा गरिएको काम बन्न सक्छ । सेवामूलक कामबाट उपलब्धि हातलागी हुनेछ ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । किर्तिमानी काम गर्ने समय छ । तर, परिस्थितिवश आफन्तबाट टाढिनुपर्ने हुन सक्छ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - आफ्नो क्षेत्रमा अरूले प्रभाव जमाउन सक्छन् । विश्वासपात्रले धोका दिनेछन् । त्यसैले समयमै सजग रहनुपर्ला ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - अप्ठ्यारो परिस्थितिमा पनि अवसर आउनेछ । तर, ठूलो फाइदा नदेखिएकाले लाभ उठाउन हतार नगर्नुहोला ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - परिस्थितिवश चिताएको काममा समस्या आउन सक्छ । अरूका लागि बुद्धि खर्चनुपर्नेछ । जीवनशैली व्यस्त रहला ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - कम महत्वका काममा समय दिनुपर्ला । चिताएका काममा बाधा पुग्न सक्छ । जीवनशैलीमा सुधार ल्याउन आवश्यक देखिन्छ ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) - अस्वस्थताले आफूलाई कमजोर भएको अनुभूति हुनेछ । काममा ढिलासुस्ती हुन सक्छ । नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत पर्खनुपर्नेछ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - अप्रिय समाचारले मन खिन्न बनाउला । अध्ययनमा पछि परिनेछ भने व्यापारमा सोचेको फाइदा नउठ्ने देखिन्छ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - नतिजा सच्याउन काम दोहोऱ्याउनुपर्ला । स्वास्थ्यका लागि खानपानमा ध्यान पुऱ्याउनुहोला । जोखिमपूर्ण कार्यमा ध्यान दिनु होला ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - छोटो समयमा मनग्गे फाइदा हुनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । विशेष उपहार प्राप्त हुन सक्छ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - परिवारजनको साथले उत्साह जगाउनेछ । प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - व्यापारको बहानामा रमाइलो यात्रा हुन सक्छ । आम्दानी राम्रो भए पनि अरूका लागि खर्च बढ्न सक्छ ।